सुनवल नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक आज मिति २०८१।१।१७ गते बेलुका ५:३० बजे समितिका संयोजक श्री बिमला अर्याल ज्यूको अध्यक्षतामा निम्न उपस्थितीमा बसी देहाय बमोजिमका प्रस्ताव उपर छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती:

| | |
|---|---|
| संयोजक | - श्री बिमला अर्याल, नगर प्रमुख |
| सदस्य | - श्री सूर्यप्रसाद दुवे, नगर उपप्रमुख |
| सदस्य | - श्री पविन गुरुङ्ग, वडाअध्यक्ष, वडा नं. ३ |
| सदस्य | - श्री बालकृष्ण पंगेनी, वडाअध्यक्ष, वडा नं. ४ |
| सदस्य | - श्री जुठीमाया पुन, कार्यपालिका सदस्य |
| सदस्य | - श्री विनोद टोम्टा खाती, कार्यपालिका सदस्य |
| सदस्य सचिव | - श्री चेतनाथ गिरी, प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित: श्री नेत्रलाल शर्मा तिवारी - वडा अध्यक्ष, वडा नं. ५

श्री बृहस्पती घिमिरे - लेखाअधिकृत

श्री पुरुषोत्तम ढकाल - अधिकृत छैठौं

श्री लेखनाथ गौतम - कम्प्यूटर अपरेटर

प्रस्तावहरु:

१. आगामी आर्थिक बर्ष २०८१।८२ को बजेट मार्गदर्शन, बजेटको उद्देश्य, प्रक्षेपण, कुल बजेट सीमा तथा प्राथमिकिकरणका आधार निर्धारण सम्वन्धमा ।
२. आगामी आर्थिक वर्ष २०८१।८२ को बजेटका सम्बन्धमा बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति र वडा कार्यालयहरुलाई निर्देशन दिने सम्वन्धमा ।
३. वडा कार्यालय तथा विषयगत शाखाको बजेट सिलिङ निर्धारण सम्वन्धमा ।
४. सुनवल नगरपालिकाको वर्ष २०८१।८२ देखि आ.व. २०८३।८४ (तीन बर्ष) को मध्यमकालिन खर्च संरचना बनाउने सम्वन्धमा ।

बिमला अर्याल
नगर प्रमुख

सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. १**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ को उपदफा ३ बमोजिम आगामी आर्थिक वर्ष २०८१/८२ का लागि बजेटको मार्गदर्शन, नीतिगत तथा कानुनी आधार, बजेटको उद्देश्य, बजेटको प्रक्षेपण, बजेटको कुल सीमा, बिषयगत बजेटको सीमा, बजेट र योजनाको प्राथमिकीकरण देहाय बमोजिम निर्धारण गरी सोही बमोजिम बजेट निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**१.१ बजेटको कानूनी तथा नीतिगत आधारहरू:**

नगर क्षेत्रको समग्र आर्थिक, सामाजिक, सास्कृतिक र पूर्वाधार लगायतको विकासका लागि एक आर्थिक बर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि चाहिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज वजेट हो । वजेट मार्फत नगरपालिकाले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै न्यायोचित कर प्रणाली स्थापना र योजना कार्यान्वयनको स्पष्ट खाका समेत प्रस्तुत गर्दछ । तसर्थ, बजेट तर्जुमा गर्दा निश्चित कानुनी तथा नीतिगत आधार लिन जरुरी छ । त्यसैले सुनवल नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१।८२ को वजेट तर्जुमा गर्दा देहायका कानुनी तथा नीतिगत आधार लिनेछ ।

- नेपालको संविधानको सान्दर्भिक धाराहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- नगरसभा र नगर कार्यपालिकाले स्वीकृत गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड र नीतिगत निर्णयहरु,
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरु,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ का सान्दर्भिक दफाहरु,
- संघीय सरकारको १५ औ आवधिक योजना र लुम्बिनी प्रदेस सरकारको प्रथम पंचवर्षिय आवधिक योजना,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ आदि,
- नगरपालिकाले तर्जुमा गरेको आवधिक योजना, मध्यकालिन खर्च संरचना (२०७९/०८०-२०८१/०८२) को खाका,
- सडक यातायात गुरुयोजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, राजश्व सुधार योजना आदि,
- सुनवल नगरपालिकाको पार्श्वचित्र (प्रोफाइल),
- नगरपालिकाले तर्जुमा गरेका विभिन्न योजना र रणनीतिहरु
- दिगो विकासका लक्षहरु र नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका विभिन्न विभिन्न प्रतिवद्धताहरु,
- नगरपालिकाको प्रमुख समस्या, सम्भावना र चुनौतीहरु,
- समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ का सान्दर्भिक दफाहरु,
- बजेट प्रस्तुतीको साथमा एकैसाथ पेश हुने विनियोजन तथा आर्थिक विधेयक

**१.२. बजेटको उद्देश्य :**

- "समृद्ध सुनवल, हाम्रो अभियान" भन्ने लक्ष्यलाई पूरा गर्नका लागि नगरले तर्जुमा गरेको "सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानता: समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता" भन्ने उद्देश्य हासिल गर्ने ।
- उपलब्ध स्रोत, साधन, अवसर र क्षमताको अधिकतम उपयोग गरी आर्थिक, सामाजिक तथा पूर्वाधारको दीगो र भरपर्दो विकास गर्ने,
- गुणस्तरीय स्वास्थ्य सेवामा नगरबासीको पहुँच विस्तार गर्ने र संक्रामक रोग लगायत अन्य विपदबाट नागरिक जीवनको रक्षा गर्ने,

बिमला अर्याल
नगर प्रमुख

- शिक्षा पूर्वाधार र गुणस्तरीय शिक्षा विकासमा जोड दिने
- जनताको अधिकतम अपनत्व रहने गरी जनचाहना अनुसारका विकास योजना र कार्यक्रमहरु कार्यान्वयनमा जोड दिने,
- स्थानीय स्तरमै रोजगारीको सिर्जना गरी नागरिकको जीवनलाई सहज र सुरक्षित बनाउने, छ।
- सेवा प्रवाहलाई सरल, सहज र सरलीकरण गरी जनतालाई नजिकको सरकारको प्रत्याभुति दिने,
- कर प्रणालीलाई सुदृढ र बैज्ञानिक बनाउदै नगरपालिकालाई आर्थिक श्रोतमा आत्मनिर्भरता तर्फ उन्मुख गराउदै संघीय र प्रदेश सरकार माथिको निर्भरतालाई कम गर्दैजाने,
- संस्थागत क्षमताको विकास गरी आधुनिक र प्रविधिमैत्री बनाउदै जाने,
- बालमैत्री दीगोपना, महिला मैत्री वातारण, महिला हिंसा न्यूनिकरण, लैङ्गिक मैत्री बजेटका साथै वातावरणमैत्री नगर विकास गरी स्वच्छ, सफा, हराभरा शहरको विकास गर्ने,

## १.३ योजना छनौट तथा तर्जुमा गर्दा पालना गर्नुपर्ने मार्गदर्शन तथा प्राथमिकीकरण :

- प्राप्त बजेट सीमाभित्र रहने गरी बजेट प्रस्ताव गर्ने । कार्यान्वयनको क्रममा रकमान्तर र कार्यक्रम संशोधन गर्न नपर्ने गरी बजेट प्रस्ताव गर्ने ।
- चालु खर्चमा मितव्ययीता कायम गरी बजेट प्रस्ताव गर्ने ।
- कार्यालयबाट विधि सम्मतरुपमा चालु आर्थिक बर्षमा कार्यान्वयनका लागि योजना सम्झौता भएका तथा स्रोत नभएका योजनाहरुको दायित्व रकम अनिवार्यरुपमा प्रस्ताव गर्ने ।
- वडाबाट प्राप्त हुने, संघ तथा प्रदेशबाट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरु दोहोरो नपर्ने गरी बजेट प्रस्ताव गर्ने ।
- सकेसम्म अवण्डामा कुनै पनि बजेट प्रस्ताव नगर्ने ।
- सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका माध्यमबाट वडा स्तरबाट प्राप्त हुन आएका योजनाहरु तोकिएको ढाँचा अनुसार प्राथमिकिकरण गरी पेश गर्नु पर्नेछ ।
- आदिवासी, जनजाती, अशक्त, अपाङ्ग, पछाडी परेका समूहलाई प्राथमिकतामा राखि योजना तर्जुमा गर्नु पर्नेछ ।
- नगरपालिकाको आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्य र रणनीति पूर्ति हुने खालको योजनाहरु छनौट गर्नु पर्नेछ ।
- नगरको योजना बैंकमा भएका योजनाहरुलाई प्राथमिकताका आधारमा क्रमश: कार्यान्वयन हुने गरी योजना तर्जुमा गर्नु पर्नेछ ।
- नगरपालिकाको मध्यकालीन खर्च संरचना लक्षित योजनाहरु छनौट गर्नु पर्नेछ ।
- बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त बजेट सिमानको परिधी भित्र रहि बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।
- गरिवी निवारण, शुसासन प्रवर्द्धन, वातावरण संरक्षण, लैङ्गिक समानता तथा समावेशी विकासलाई प्राथमिकता पुऱ्याउने योजनाहरुलाई प्राथमिकता दिने ।
- गत विगतमा सम्पन्न हुन नसकेका अधुरा योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।
- अधिकतम रोजगारी श्रृजना हुने, महिला पुरुष विचमा समान पारिश्रमिक निर्धारण हुने खालका योजना समावेश गर्नु पर्ने ।
- स–साना, खुद्रे खालका भन्दा निश्चित उद्देश्य पूर्ति हुने खालका आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।
- नगरस्तरीय योजनामा पुर्वाधार तर्फ रु. ५ लाखको भन्दा सानो योजना छनौट नगरिने ।
- नगरपालिका भित्रका पिछडिएका क्षेत्र/बस्ती तथा जातजाति र आर्थिक सामाजिक हिसावले पछाडी परेका बर्गलाई माथि उठाई विकासको मुलप्रवाहमा ल्याउने योजना र कार्यक्रम छनौट गर्न

बिमला अर्याल
नगर प्रमुख

दिनु प्राथमिकता पर्ने ।

- समानीकरण, विशेष तथा संघीय र प्रदेशस्तरीय अन्य कुनै पनि प्रकारका योजना नपरेका वडालाई नगरस्तरीय योजनामा विशेष प्राथमिकता दिइने।
- स्थानीय जनताको अधिकतम श्रम तथा लागत सहभागीता जुट्ने, स्थानीय श्रोत, साधन र सीपको प्रयोग हुने, कम लागतमा बढी प्रतिफल दिन सकिने दीगो विकासका योजना तथा कार्यक्रमहरु छनोट गर्ने ।
- बालमैत्री, अपांगमैत्री, महिला मैत्री, महिला उधम केन्द्र, ज्येष्ठ नागरिक दिवा सेवा कार्यक्रम र समावेशी प्रकृतिका योजनाहरु छनौट गर्नुपर्नेछ ।
- तालिम, गोष्ठी, अन्तरक्रिया, सेमिनार, अभिमुखिकरण तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई निरुत्साहित गर्ने ।
- दिगो विकास लक्ष्य हासिल हुने खालका योजनाहरु छनौट गर्नुपर्नेछ ।
- सुनवल नगरपालिकाको आन्तरिक श्रोत, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाडफाड, समपुरक अनुदान, विशेष अनुदान तथा शशर्त अनुदान तर्फको रकम विनियोजन तथा बाँडफाँड गर्दा नगरपालिकाको सन्तुलित विकास हुने गरी आयोजना र कार्यक्रमहरु छनौट गर्न प्राथमिकीकता दिइने ।
- नगरस्तरीय योजनामा पुर्वाधार तर्फ रु. ५ लाखको भन्दा साना योजना छनौट नगरिने ।
- नगरपालिका भित्रका पिछडिएका क्षेत्र/बस्ती तथा जातजाति र आर्थिक सामाजिक हिसावले पछाडी परेका बर्गलाई माथि उठाई विकासको मुलप्रवाहमा ल्याउने योजना र कार्यक्रम छनौट गर्न प्राथमिकता दिइने ।
- समानीकरण, विशेष तथा संघीय र प्रदेशस्तरीय अन्य कुनै पनि प्रकारका योजना नपरेका वडालाई नगरस्तरीय योजनामा विशेष प्राथमिकता दिइने।
- वडा भित्र रहेको सार्वजनिक सम्पतिको पहिचान गरी संरक्षण गर्ने वडाहरुलाई त्यस्तो सार्वजनिक सम्पतिको संरक्षण लगायत अन्य थप योजना कार्यान्वयनका लागि वजेटमा प्राथमिकता दिइने ।
- स्वीकृत योजनाहरु कार्यान्वयनमा ढिलाई गर्ने तथा योजना कार्यान्वयन नै नगर्ने वडाहरुलाई नगरस्तरीय योजनामा कम प्राथमिकता दिइने । साथै, दोश्रो चौमासिक भित्र स्वीकृत योजना र कार्यक्रम सम्पन्न गर्ने वडालाई प्रोत्साहन स्वरुप थप योजना दिन प्राथमिकता दिइने ।
- विकास आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न सम्पूर्ण विकास आयोजनाहरुलाई पाँच वटा विषयगत क्षेत्र अनुसार पाँच वटा प्रमुख क्षेत्रहरुमा वर्गीकरण गरी त्यस अन्तर्गत पर्ने उपक्षेत्र देहाय बमोजिम निर्धारण गरिएको छ ।

क) आर्थिक विकास समिति तर्फः कृषि विकास, पशु पालन, घरेलु तथा साना उद्योग प्रवर्द्धन, पर्यटन तथा सहकारी लगागतका कार्यक्रम समावेश गर्न सकिनेछ ।

ख) सामाजिक विकास तर्फः शिक्षा, खानेपानी तथा सरसफाई, खेलकुद, महिला उधम तालिम, ज्येष्ठ नागरिक दिवा सेवा कार्यक्रम तथा सीप तथा क्षमता विकास तालिम समावेश गर्नु पर्ने छ ।

ग) वन तथा वातावरण विकास तर्फः नदि नियन्त्रण, कटान संरक्षण, सार्वजनिक जग्गा संरक्षण, बृक्षारोपण, वातावरण संरक्षण, जववायु परिवर्तन अनुकुलन लगायतका कार्यक्रम समावेश गर्नु पर्नेछ ।

घ) पूर्वाधार विकास तर्फः सडक तथा पुल, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत लगायतका कार्यक्रमहरु समावेश गर्नु पर्नेछ ।

ङ) सुशासन तथा संस्थागत विकास तर्फः सेवा प्रवाह सम्वन्धी कार्यक्रम, राजश्व परिचालन, सार्वजनिक सुनुवाई, मानव शंसाधन विकास, संस्थागत क्षमता विकास, अन्तरनिकाय समन्वय जस्ता कार्यक्रम समावेश गर्नु पर्नेछ ।

बिमला अर्याल
नगर प्रमुख

## १.४ बस्ती तथा टोल समितिका योजना छनौट सम्वन्धी मार्गदर्शनहरु :

### क. बस्तीस्तरका योजना छनोट (टोल भेला) गर्दा देहाय वमोजिम गर्नुपर्नेछ:

१. वडा समितिले आफ्नो वडाको प्रतिनिधित्व गर्ने वडा सदस्यहरुलाई वस्ति तथा टोलस्तरको योजना छनोट गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी तोक्नुपर्नेछ ।

२. प्रत्येक वडाले वडाभित्रका वस्तिहरुमा योजना तर्जुमाको लागि वैठक हुने मिति, समय र स्थान सार्वजनिक सूचना मार्फत जानकारी गराउनुपर्नेछ ।

३. वस्तितहमा योजना छनोट गर्दा सो वस्तिभित्रका सवै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, थारु, उत्पिडित जाति, पिछडावर्ग, अल्पसंख्यक, सिमान्तीकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, यौनिक तथा लैंगिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएको समुदाय आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

४. टोल वस्तिमा हुने योजना तर्जुमा प्रक्रियामा टोल वस्तिभित्रका सामुदायक संस्थाहरु (टोल विकास संस्था, आमा समुह, वाल क्लव /संजाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी निकायहरुवाट गठन भएका समुहहरु आदि) लाई अनिवार्यरुपमा सहभागी गराउनु पर्नेछ ।

५. नगरका विभिन्न अभियानात्मक कार्यक्रमहरुका सम्वन्धमा समेत बस्तीस्तरबाटै योजना छनौट गरी पठाउनु पर्नेछ ।

माथी उल्लेखित भए वमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा तोकिएको मिति, समय र स्थानमा उपस्थित भई योजना छनौटको सम्वन्धमा अन्तरक्रिया छलफल, तथा पराशर्म गरी योजनाहरुको छनौट गर्नुपर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखितरुपमा वडा समितिमा पेश गर्नु पर्नेछ ।

### ख. वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण गर्दा देहाय वमोजिम गर्नुपर्नेछ :

१. वडा तहमा योजना छनोट तथा प्राथमिककिरण गर्दा प्राप्त वजेट सीमा र मार्गदर्शनका आधारमा सम्वन्धित वडाहरुले वस्ति टोलवाट प्राप्त योजनाहरु मध्येवाट वडाका लागि प्राप्त बजेटको सीमाको परिधि भित्र योजनाहरुको छनौट र प्राथमिकता समेत निर्धारण गरी स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जन सहित) को अनुसुची ४ वमोजिमको ढाँचामा वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्नेछ ।

२. योजना तर्जुमा गर्दा संघ तथा प्रदेशको राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन, नगरको आवधिक योजना, मध्यकालिन खर्च संरचना, विषयगत योजनाहरुलाई अनुसरण गर्नु पर्नेछ ।

३. सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका माध्यमबाट बस्ती तथा टोल स्तरबाट आएका योजनाहरु तोकिएको ढँचा अनुसार प्राथमिककरण गरी पठाउनु पर्ने ।

४. वडामा रहेका आदिवासी, जनजाती, अशक्त, अपाङ्ग, पछाडी परेका समूहलाई प्राथमिकतामा राखि योजना तर्जुमा गर्नु पर्नेछ ।

५. नगरपालिकाको आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्य र रणनीति पूर्ति हुने खालको योजनाहरु छनौट गर्नु पर्नेछ ।

६. वडाले तर्जमा गरेका योजना बैंकमा भएका योजनाहरुलाई प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन हुने गरी योजना तर्जुमा गर्नु पर्नेछ ।

७. गत विगतमा सम्पन्न हुन नसकेका अधुरा योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।

८. अधिकतम रोजगारी श्रृजना हुने, महिला पुरुष विचमा समान पारिश्रमिक निर्धारण हुने खालका योजना समावेश गर्नु पर्ने ।

९. स–साना, खुद्रे खालका भन्दा निश्चित उद्देश्य पूर्ति हुने खालका आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

१०. पूर्वाधार विकास तर्फका योजना छनौट गर्दा न्यूनतम ५ लाख सम्मका योजना छनौट गर्नु पर्नेछ ।

११. वडाबाट हुने स-साना मर्मत सम्भार कार्यका लागि वडा स्तरबाटै मर्मत सम्भार कोषमा रकम व्यवस्थापन गर्नुपर्नेछ ।

बिमला अर्याल
नगर प्रमुख

१२. बालमैत्री, अपांगमैत्री, महिला मैत्री, महिला उधम केन्द्र, ज्येष्ठ नागरिक दिवा सेवा कार्यक्रम र समावेशी प्रकृतिका योजनाहरु छनौट गर्नुपर्नेछ ।

१३. बिषयगत समिति तर्फ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यालयका बिषयगत शाखाका प्रमुखहरुसंग राय परामर्श गर्न सकिनेछ ।

१४. तोकिएको समय सीमा भित्र वडाबाट योजना प्राप्त हुन नआएमा तहाँ वडाको प्रोजेक्ट बैंकबाट नगरपालिकाबाटै योजना छनौट गर्न सकिनेछ ।

१५. वडास्तरमा योजना छनोट गर्दा वितरणमुखि (बलाङ्केट, झुल, विरुवा आदि) कार्यक्रमलाई प्रोत्साहन नगर्ने ।

१६. तालिम, गोष्ठी, अन्तरक्रिया, सेमिनार, अभिमुखिकरण तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई निरुत्साहित गर्ने ।

**१.५ बजेटको प्रक्षेपण:**

आर्थिक बर्ष २०८१।८२ मा प्राप्त भएको यथार्थ आय, चालु आर्थिक बर्ष २०८०।८१ को चैत्र मसान्तसम्म प्राप्त भएको आन्तरिक आय, राजश्व बाडफाडबाट प्राप्त भएको आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वितीय हस्तान्तरण, शसर्त अनुदान समेतलाई मध्यनजर गरी आगामी आ.व. २०८१।८२ मा देहाय बमोजिम श्रोत जुटने प्रक्षेपण गरियो ।

| सि.नं. | शीर्षक | चालु आ.व. को विनियोजन | चालु आ.व. को यथार्थ | प्रतिशत | आगामी आ.व. को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ४४२,३००,०००.०० | ३१२,८४६,०००.०० | ७०.७३ | ६२०,७००,०००.०० |
| | समानिकरण अनुदान | १५७,३००,०००.०० | ११७,९७५,०००.०० | ७५.०० | १६३,२००,०००.०० |
| | सशर्त अनुदान चालु | २५५,९००,०००.०० | १७८,१८५,०००.०० | ६९.६३ | २५६,०००,०००.०० |
| | सशर्त अनुदान पूँजीगत | १६,१००,०००.०० | ८,८८६,०००.०० | ५५.१९ | १६,५००,०००.०० |
| | विशेष अनुदान पूँजीगत | ८,०००,०००.०० | ४,८००,०००.०० | ६०.०० | १५५,०००,०००.०० |
| | समपुरक अनुदान पूँजीगत | ५,०००,०००.०० | ३,०००,०००.०० | ६०.०० | ३०,०००,०००.०० |
| २ | प्रदेश सरकार | ३८,०९१,०००.०० | १७,५८५,२५०.०० | ४६.१७ | ५१,७३३,०००.०० |
| | समानिकरण अनुदान | ११,९४१,०००.०० | ८,९५५,७५०.०० | ७५.०० | ११,५३३,०००.०० |
| | सशर्त अनुदान चालु | २,६५०,०००.०० | ८७४,५००.०० | ३३.०० | २,७००,०००.०० |
| | सशर्त अनुदान पूँजीगत (विशेष) | ८,५००,०००.०० | २,८०५,०००.०० | ३३.०० | ७,५००,०००.०० |
| | समपुरक अनुदान | १५,०००,०००.०० | ४,९५०,०००.०० | ३३.०० | ३०,०००,०००.०० |
| ३ | राजश्व बाँडफाँड | २२३,४६७,७३४.०० | ८८,४८८,४२३.९९ | ३९.६० | २००,८३३,०००.०० |
| | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ८०,०००,०००.०० | २४,८४०,९९६.०० | ३१.०५ | ५०,०००,०००.०० |
| | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | १२९,११५,०००.०० | ५०,४७३,४०५.४३ | ३९.०९ | १३७,१००,०००.०० |
| | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १४,३५२,७३४.०० | १३,१७४,०२२.५६ | ९१.७९ | १३,७३३,०००.०० |
| ४ | आन्तरिक श्रोत | १६८,५२९,२७९.०० | ४१,७१२,६२०.४४ | २४.७५ | १४२,१००,०००.०० |
| | जम्मा | ८७२,३८८,०१३.०० | ४६०,६३२,२९४.४३ | | १,०१५,३६६,०००.०० |

बिमला अर्याल
नगर प्रमुख

**१.६ वजेटको सीमा:**

बजेटको प्रक्षेपणको आधारमा आगामी आ.व. २०८१/८२ का लागि कुल रु. १,०१५,३६६,०००.०० (अक्षरेपी रु. एक अरब एक करोठ त्रिपन्न लाख छैसठ्ठी हजार ) वजेटको सीमा निर्धारण गर्ने निर्णय गरियो । कुल प्रक्षेपित बजेटलाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम देहाय अनुसार विनियोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| कुल अनुमानित बजेट | १,०१५,३६६,०००.०० |
| तलव भत्ता तथा कार्यालय संचालन | २१०,८९८,६००.०० |
| संघीय सशर्त अनुदानका कार्यक्रम | २५६,०००,०००.०० |
| पूँजीगत खर्च कार्यालय तर्फ | २३,०००,०००.०० |
| संघीय सशर्त अनुदानका कार्यक्रम | २४१,७००,०००.०० |
| **बाँडफाँड हुने रकम** | **२८३,७६७,४००.००** |
| नगरका गौरवका योजनाका लागि आवश्यक रकम | ३२,५००,०००.०० |
| समपुरक अनुदानबाट कार्यान्वयन हुने आयोजनाका लागि आवश्यक रकम | ३९,९००,०००.०० |
| सशर्त अनुदानका लागि तोकिएको रकम | ० |
| दिगो विकास लक्ष्य लगायतमा आवश्यक रकम | ० |
| **बाँकी रकम** | **२११,३६७,४००.००** |
| नगर स्तरिय योजनाको आवश्यक रकम (विषयगत शाखा) | १५०,२४०,०००.०० |
| गत विगतका अनुरा योजना भुक्तानी हुने रकम | ५०,०००,०००.०० |
| वडा स्तरिय योजनाका लागि आवश्यक रकम | ६०,०००,०००.०० |
| जम्मा | २६०,२४०,०००.०० |
| बाँकी रकम (गत मौज्दातबाट मिलान गर्ने) | (४८,८७२,६००.००) |

**निर्णय नं. २:** उपरोक्त अनुसारको वजेटको सीमा भित्र रही आगामी आर्थिक वर्ष २०८१।८२ को वजेट तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति र वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३** : क) आगामी आर्थिक वर्ष २०८१।८१ को लागि सुनवल नगरपालिका मातहतका विभिन्न शाखा तथा उपशाखाहरुको बजेट सिलिङ देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

| संकेत नं. | विषयगत शाखा/उपशाखा/कार्यक्रम | आ.व. २०८१।८२ को अनुमान |
|---|---|---|
| १ | गत बर्षको अधुरो योजना भुक्तानी | ५०,०००,०००.०० |
| २ | संघ, प्रदेश र अन्य समपुरक अनुदान | ३९,९००,०००.०० |
| ३ | नगरका गौरवका योजनाहरु | ३२,५००,०००.०० |
| ४ | **आर्थिक विकास समिति** | १९,२००,०००.०० |
| | कृषि | ७,०००,०००.०० |

बिमला अर्याल
नगर प्रमुख

| संकेत नं. | विषयगत शाखा/उपशाखा/कार्यक्रम | आ.व. २०८१।८२ को अनुमान |
|---|---|---|
| | पशु | ६,०००,०००.०० |
| | सहकारी/उद्योग | १,२००,०००.०० |
| | सहकारी प्रवर्द्धन | ७००,०००.०० |
| | उद्योग तर्फ | ५००,०००.०० |
| | पर्यटन | ५,०००,०००.०० |
| ५ | **सामाजिक विकास समिति** | ५९,४००,०००.०० |
| | शिक्षा | ३०,०००,०००.०० |
| | स्वास्थ्य | १३,०००,०००.०० |
| | खानेपानी तथा सरसफाई | ३,५००,०००.०० |
| | संस्कृति प्रवर्द्धन | ३००,०००.०० |
| | मेला महोत्सव | ५००,०००.०० |
| | युवा खेलकुद तथा मनोरन्जन | ५,१००,०००.०० |
| | लैगिंक समानाता तथा सामाजिक समावेशीकरण | ७,०००,०००.०० |
| | महिला विकास कार्यक्रम | ४,०००,०००.०० |
| | स्थानीय बालमैत्री शासन कार्यक्रम तर्फ | १,५००,०००.०० |
| | सबै लक्षित वर्ग तर्फ | १,५००,०००.०० |
| ६ | **पूर्वाधार विकास समिति** | ४७,१४०,०००.०० |
| | स्थानीय सडक पुल तथा झो.पु. | ८,०००,०००.०० |
| | पक्कि नाला, पुल, कल्भर्ट तथा ह्युमपाईप | ५,०००,०००.०० |
| | अन्य पूर्वाधार | ८,६४०,०००.०० |
| | ७०:३० लागत साझेदारी कार्यक्रम | १५,०००,०००.०० |
| | सिचाई | २,०००,०००.०० |
| | भवन तथा सहरी विकास | ६,५००,०००.०० |
| | उर्जा तथा विधुतिकरण | २,०००,०००.०० |
| ७ | **वन तथा वातावरण विकास समिति** | १२,५००,०००.०० |
| | वन तथा भु संरक्षण | ५००,०००.०० |
| | फोहोरमैला व्यवस्थापन | १,०००,०००.०० |
| | जलउत्पन्न प्रकोप नियन्त्रण | ५००,०००.०० |
| | नदी नियन्त्रण र तारजाली | २,०००,०००.०० |
| | विपद व्यवस्थापन कोष | ८,०००,०००.०० |

कमला अर्याल
प्रमुख

| संकेत नं. | विषयगत शाखा/उपशाखा/कार्यक्रम | आ.व. २०८१।८२ को अनुमान |
|---|---|---|
| | अन्य विपद् जन्य कार्यक्रम | ५००,०००.०० |
| ८ | **सुशासन तथा संस्थागत विकास समिति** | १२,०००,०००.०० |
| | न्यायिक समिति, कानूनी परामर्श र मिलमिलाप कार्यक्रम | १,२००,०००.०० |

ख) आगामी आर्थिक वर्ष २०८१।८१ को लागि वडा स्तरीय योजना र वडा कार्यालय संचालनका लागि कुल रु. ६००००००० ।०० वजेटको सीमा निर्धारण गर्ने । वडाको कुल बजेटको सीमालाई वडाको जनसंख्या, क्षेत्रफल, राजश्व संकलन दर, पूर्वाधार विकासको अवस्था, लागत सहभागिता र केन्द्रसंगको दुरी जस्ता सुचकलाई आधारमानी शुत्रमा राखी बाँडफाँड गरिनेछ । वडा कार्यालयले वडालाई प्राप्त वजेट सिलिङ्ग भित्र देहायको शर्तका अधिनमा रही योजना तर्जुमा गरी पठाउन वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

| वडा नं. | न्यूनतम अनुदान | जनसंख्या ३०% | क्षेत्रफल २०% | पूर्वाधार विकासको अवस्था २०% | राजश्व परिचालनको अवस्था १५% | केन्द्रसंगको दूरी ५% | लागत सहभागिताको अवस्था १०% | सुत्रमा अधारित | जम्मा बजेट सीमा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०००००० | ८०६८७५ | ६२७६९२ | २२४१७६ | ५१७००० | २५७५७.५८ | २८८५१६.३७ | २४९००१७.१२ | ४४९००१७.१२ |
| २ | २०००००० | ४५४३०५ | ३६६१५४ | ८९६७०३ | ३३३६९० | ९०१५१.५२ | १३११५२.८९ | २२७२१५६.१६ | ४२७२१५६.१६ |
| ३ | २०००००० | ६२५४०५ | ४७०७६९ | ६७२५२७ | ४०४७१३ | ७७२७२.७३ | ४०६०९३.२७ | २६५६७८०.२४ | ४६५६७८०.२४ |
| ४ | २०००००० | १०९२४६२ | ७८४६१५ | १४९४५१ | ६४८८९८ | ३८६३६.३६ | २८८७१७.६२ | ३००२८६०.१४ | ५००२८६०.१४ |
| ५ | २०००००० | ५२१७०८ | ५७५३८५ | ४४८३५२ | २५६६६९ | १०३०३०.३ | १७३६५९.१३ | २०७८८०२.६० | ४०७८८०२.६० |
| ६ | २०००००० | ६११५३२ | ३६६१५४ | ५९७८०२ | २८३१६३ | ९०१५१.५२ | २२९३९७.८८ | २१७८१९९.९८ | ४१७८१९९.९८ |
| ७ | २०००००० | १०७१५८२ | ५२३०७७ | ७४७२५३ | २७१२६० | १५४५४५.५ | २८०९३२.२९ | ३०४८६५०.०९ | ५०४८६५०.०९ |
| ८ | २०००००० | ६२१४८१ | ५२३०७७ | ८२१९७८ | ३१७९४७ | ३०९०९०.९ | १४९५४४.८५ | २७४३११९.०२ | ४७४३११९.०२ |
| ९ | २०००००० | ६५६०९४ | ४१८४६२ | ९७१४२९ | २५१९५९ | १५४५४५.५ | १२०५७३.१८ | २५७३०६१.४० | ४५७३०६१.४० |
| १० | २०००००० | ४८२३३१ | ७३२३०८ | २९८९०१ | २७८७६६ | ७७२७२.७३ | २०३१३८.८८ | २०७२७१७.९० | ४०७२७१७.९० |
| ११ | २०००००० | ९१४७७६ | ५२३०७७ | ५२३०७७ | २९७३९६ | २३१८१८.२ | ३५८९२१.३८ | २८४९०६५.२२ | ४८४९०६५.२२ |
| १२ | २०००००० | १३३७६९१ | ३६६१५४ | ७४७२५ | १०३६४७६ | १८०३०३ | ४९१७७४.२ | ३४८७१२३.६० | ५४८७१२३.६० |
| १३ | २०००००० | १००३७५९ | ५२३०७७ | ३७३६२६ | २०२०६२ | १६७४२४.२ | २७७४९८.०५ | २५४७४४६.५३ | ४५४७४४६.५३ |

पुनश्चः वडाबाट कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिम अनुमान गरी पठाउनु पर्नेछः

आर्थिक विकास तर्फ १५ प्रतिशत, सामाजिक विकास तर्फ २० प्रतिशत, वन वातावरण विकास तर्फ १० प्रतिशत, पूर्वाधार विकास तर्फ ५५ प्रतिशतका दरले विनियोजन गर्नु पर्नेछ । वडाबाट वडागत योजना प्राथमिकिकरण गरी पठाउन देहाय बमोजिमको ढाचामा प्राथमिकिकरण गरी पठाउनु पर्नेछ । सामाजिक विकास समिति तर्फ महिला उद्यम केन्द्र, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र बालमैत्री अभियानमा अनिवार्यरूपमा रकम विनियोजन गर्नु पर्नेछ ।

बिमला अर्याल
नगर प्रमुख

## वडागत आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

**(क) आयोजना प्राथमिकीकरणका आधारहरु**

१.गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–२० अंक (ख) अप्रत्यक्ष योगदान पुर्याउने –१० अंक (ग) तटस्थ–५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने–१५ अंक (ख) आगामी आ.व. मा सम्पन्न हुने–१० अंक (ग) अन्य–५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–१५ अंक (ख) अप्रत्यक्ष योगदान पुर्याउने–७.५ अंक (ग) तटस्थ–०

४. लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०५ वा सो भन्दा बढी लागत सहभागिता हुने–१५ अंक (ख) २०५ देखि ५०५ सम्म लागत सहभागिता हुने–१० अंक

(ग) २०५ सम्म लागत सहभागिता हुने–५ अंक (घ) लागत सहभागिता नहुने–०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–१० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०५ सम्म श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–७.५ अंक

(ग) अन्य–५ अंक

६. समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–१० अंक ख) अप्रत्यक्ष योगदान पुर्याउने–५ अंक (ग) तटस्थ–०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–१० अंक (ख) अप्रत्यक्ष योगदान पुर्याउने–५ अंक (ग) तटस्थ–०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–५ अंक (ख) अप्रत्यक्ष योगदान पुर्याउने–३ अंक (ग) तटस्थ–०

ख) आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम

| क्र.सं. | आयोजनाको नाम | गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने (अंक २०) | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (अंक १५) | आम्दानी र रोजगार बढ्ने (अंक१५) | लागत सहभागिता जुट्ने (अंक १५) | स्थानीय श्रोत साधन र सीपको प्रयोग (१० अंक) | समावेशी विकासमा योगदान (अंक १०) | दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | स्थानीय भाषिक, सांस्कृतिक विकास ५) (अंक | कुल प्राप्ताङ्क (१००) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |

नोटः आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सवैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

| सि.नं. | अंक भार | प्राथमिकता नं. |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

निर्णय नं. ४: सुनवल नगरपालिकाको वर्ष २०८१।८२ देखि आ.व. २०८३।८४ (तीन बर्ष) को मध्यमकालिन खर्च संरचना बनाउने निर्णय गरियो ।